"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality
## नगर कार्यपालिका कार्यालय
## Office of Municipal Executive
पाँचखाल, काभ्रेपलान्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

प.सं./FY
च.नं./Ref. No.:

मिति: २०८०/०६/०२

## गहुँ बालीको उन्नत बिउ माग गर्ने बारे सूचना!!!

पाँचखाल नगरपालिकाको चालु आ.ब. २०८०/८१ को सङ्घिय ससर्त कार्यक्रम अन्तर्गत खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा मूल्य अनुदान कार्यक्रम "बिउ बिजन उत्पादन, आपूर्ती तथा व्यवस्थापन निर्देशिका, २०७८" बमोजिम खाद्यान्न बालीको उन्नत बिउ प्रयोगकर्ता किसानलाई मूल्य अनुदान दिने व्यवस्था रहेकाले यस पालिकाका कृषकहरुले आफूलाई आवश्यक पर्ने तपसिलमा उल्लिखित गहुँ बालीको जात र परिमाण खुलाई मिति २०८०/०६/२० सम्ममा यस कार्यालयको कृषि तथा सहकारी शाखामा आवेदन पेस गर्न हुन अनुरोध गरिन्छ।

अनुदान विवरण: बिउ बिजन आपूर्ती तथा व्यवस्थापन समितिबाट कायम गरिएको रु. ७०/- प्रति किलो मूल्यमा निर्देशिकाको दफा १० को उपदफा ५ खण्ड (छ), (ज) तथा (झ) अनुसार कायम हुने मूल्यको ५०%। प्रति किलो गहुँको बीउलाई किसानले शुरुमा जम्मा गर्नु पर्ने रकम रु ३५/-।

तपसिल

गहुँ बालीको विवरण

| क.सं. | जात | सिफारिस बर्ष (वि.सं.) | पाक्ने दिन | उत्पादन क्षमता |
|---|---|---|---|---|
| १ | WK १२०४ | २०६४ | १७९ | ३.४ मे. टन प्रति हे. |
| २ | गौतम | २०६१ | ११९ | ३.४ मे टन प्रति हे. |

आवश्यक कागजातहरु:

१. नगरपालिकाले तयार गरेको ढाँचा बमोजिमको निवेदन र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ थान।
२. गहुँ बाली लगाइने जग्गाको जग्गाधनी पूर्जाको प्रतिलिपि-१ थान।
३. कृषक समूह/सहकारी/फर्मको हकमा दर्ता/नविकरण प्रमाणपत्र प्रतिलिपि-१थान, पान नं को प्रतिलिपि-१ थान र कर चुक्ताको प्रतिलिपि-१ थान।
४. समूह/सहकारी/फर्मको हकमा एकमुष्ट माग विवरण र संस्थागत निर्णयको प्रतिलिपि-१ थान।

नोट: गहुँको बीउ मागका आधारमा आपूर्ती गरिने भएको हुँदा अपर्याप्त माग आएको खण्डमा बीउ आपूर्ती हुन नसक्ने बेहोरा जानकारी गराइन्छ ।

सूर्य प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत